दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लु, दैलेख

## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**नागरिक राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मितिः २०७६/१०/१९**

**यस कार्यालयबाट चालू आ.व. २०७६/०७७ मा देहायअनुसारका योजना निर्माण गर्नुपर्ने भएको हुँदा नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।**

१. बोलपत्र आह्वान सम्बन्धी सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, अन्य बोलपत्र सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदनका साथ बोलपत्र फारम दस्तुर रु ३,०००/ (प्रति बोलपत्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको हि.नं. ४३४०३०२०३६३०२ (राजश्व) मा जम्मा गरी सोको सक्कल भौचार वा कार्यालयमा नगदै जम्मा गरी सोको रसिद संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकमको कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको बोलपत्र जमानत (विड वण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क दुल्लू शाखामा रहेको ४३४०३०३००७१०२ धरौटी खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैङ्क भौचर सिलवन्दी बोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। सिलवन्दी बोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा ४ (१२० दिन) महिना म्याद भएको कार्य सम्पादन बैङ्क जमानतपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० वजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ।

४. दर्ता भएको बोलपत्र ३१ औं दिन दिनको २.०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

६. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. संयूक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा वढिमा ३ वटा फर्महरुको एउटा संयूक्त उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ। तर यस्तो संयूक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी संयूक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन।

८. जुन फर्मको नामवाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाईने छ।

९. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ।

ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

१०. यसमा भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, (संशोधन सहित) र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

११. थप जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०३९ मा सम्पर्क गर्न सकिनेछ। यो सूचना यस कार्यालयको website: www.dullumun.gov.np मा समेत प्रकाशन गरिएको छ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | २४-०७६/०७७ | पञ्चकोशी बहुप्राविधिक शिक्षालय भवन निर्माण | ५१,७२,५००।०० | ३०००।०० | १,३०,०००।०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |
| २ | २५-०७६/०७७ | गाईखुरे, छिउडीपुसाकोट खानेपानी निर्माण | ३०,१७,२७१।०० | ३०००।०० | ७६,०००।०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |

प्रमुख प्रशासकीय अधिकृत

(ज्ञानमणि नेपाल)
प्रमुख प्रशासकीय अधिकृत